# अमरगढी नगरपालिका कार्यालय
## डडेल्धुरा
### शिलवन्दी वोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति :- २०७२ / ९ /१ )

यस कार्यालयवाट आ.व. २०७२।०७३ को जगेडा कोष शिर्षक अन्तरगतका तपसिलका कार्यहरु बोलपत्रका माध्यमबाट निर्माण गर्नुपरेकाले निम्न लिखित शर्तको अधिनमा रही कार्य गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको हुदा अनुभबी तथा दक्ष ईजाजत प्राप्त निर्माण ब्यबसायीहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.ब. का लागि नबिकरण भएको ठेक्का ईजाजतपत्र, आ.व.२०७१/७२ सम्मको कर चुक्ता प्रमाण पत्र र आयकरको स्थायी लेखा नम्बर ( **PAN** ) लिएको तथा मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि निबेदन साथ तल उल्लेखित दस्तुर ( फिर्तानहुने) तिरी यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

२) खरीद गरेको वोलपत्र फाराम बोपत्रदाताले प्राविधिक (ठे.नं.४ को लागी मात्र) र आर्थिक प्रस्तावहरु सहित एउटै खाममा राखी खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० वजे सम्म सिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिने छन ।

३) बोलपत्रको जमानत वापतको रकम यस कार्यालयको नामको रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३( ४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( बिडबण्ड ) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४) बोलपत्रको मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ ।

५) रीत नपुगेको वा ढिलोगरी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्ने छ । साथै बोलपत्र फारामको प्रत्येक पानामा बोपत्रदाताको सहीछाप हुनुपर्ने छ ।

६) बोलपत्र मुल्य अभिबृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्ने छ ।

७) बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुने छ ।

८) बोलपत्रदाताले आफु वा आफ्नो प्रतिनिधि कुनै पनि खरिद सम्झौता गर्न प्रचलित कानुन बमोजिम अयोग्य नभएको कुरा लिखित रुपमा घोषणा गरेको कागजात पेश गर्नुपर्ने छ ।

९) बोलपत्र स्विकृत भै खरिद सम्झौता गर्न आउदा मु.अ. कर सहित कबोल अंकको ५% ले हुन आउने रकम कम यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३(४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा त्रुटि सच्चाउने अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको परफरमेन्स वण्ड पेश गर्नुपर्ने छ ।

१०) निर्माण कार्यको कार्य योजना **(Action Plan)** बोलपत्र फारामसंग संलग्न गर्नु पर्ने छ ।

११) नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने , आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) एक कम्पनी फर्मको नामबाट खरीद गरेको बोलपत्र फाराम अर्को कम्पनी फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१३) तपसिलको कार्य २०७३ जेष्ठ मसान्त भित्र निर्माण सम्पन्न गरी सक्नुपर्नेछ ।

१४) स्वीकृत नभएका बोलपत्रदाताहरुको बिडवण्ड तथा धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।

१५) चालुहालतका उपकरणहरु (ठे.नं.४ को लागी मात्र) मेकानिकल ईन्जिनियरबाट प्रमाणित गरेको हुनुपर्ने छ ।

१६) बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माणस्थल तथा समुदायको बारेमा जानकारी एवं अध्यान गरेको मानिने छ ।

१७) एक बोलपत्र दाताले संयूक्त उपक्रमको साझेदारी (JV) वा ब्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र फाराम खरीद / पेश गर्न सक्नेछ ।

१८) बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिने छ ।

१९) यस सुचनामा नपरेका कुराहरु प्रचलित कानुन एबं. सार्बजनिक खरिद ऐन २०६३ , सार्बजनिक खरिद नियमावली २०६४ एवं स्थानी निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुने छ ।

तपसिल

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक ) रु. | जमानत वा विडवण्ड रकम रु. | बेलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७२-०७३ | बगबजार- टुडिखेल-आईत सडक स्तरोन्नती गर्ने कार्य, अ.न.पा.- ४ र ५ | ४२,४०,२८७।३९ | १,२०,०००।०० | १०००।- | .................. |
| २/२०७२-०७३ | चिम्रीकोट-घटाल-लरडा सडकमा पाईप कल्भर्ट निर्माण, अ.न.पा.- २ र ३ | ५०,६३,४१९।५० | १,४३,५००।०० | १०००।- | ............. |
| ३/२०७२-०७३ | डकले-रोखलागाँउ-सल्लाघारी चक्रपथमा पाईप कल्भर्ट बाढीपैरो रोकथाम गर्ने कार्य, अ.न.पा. ८,९,१० र ११ | ५०,८४,७९१।०१ | १,४४,०००।०० | १०००।- | ..................... |
| ४/२०७२-०७३ | कीर्तिपुर - बागचौर सडक निर्माण तथा कालोपत्रे गर्ने कार्य, अ.न.पा.- ८ | ............... | २,०३,०००।०० | ३०००।- | पूर्व-योग्यता ( **PQ** ) मागेको |